आज मिति २०८० माघ २५ गते बिहिबारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षतामा बसेको बेनी नगर कार्यपालिकाको नवौ बैठकमा देहायको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो ।

उपस्थितिः

| क्र. सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | ज्योती लामिछाने डेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | रमेश कुमार श्रेष्ठ | प्रवक्ता बेनी, न.पा./वडा अध्यक्ष बेनी, न.पा.७ | |
| ४ | टेक बहादुर थापा | वडा अध्यक्ष, वेनी नगरपालिका -१ | |
| ५ | याम बहादुर क्षेत्री | वडा अध्यक्ष, वेनी नगरपालिका -२ | |
| ६ | पदम बहादुर पुन | वडा अध्यक्ष, वेनी नगरपालिका -३ | |
| ७ | अण बहादुर खड्का | वडा अध्यक्ष, वेनी नगरपालिका -४ | |
| ८ | गोविन्द बानियाँ | वडा अध्यक्ष, वेनी नगरपालिका -५ | |
| ९ | कृष्ण बहादुर बाँनिया | वडा अध्यक्ष, वेनी नगरपालिका -६ | |
| १० | उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, वेनी नगरपालिका -८ | |
| ११ | चक्र बहादुर के.सी. | वडा, अध्यक्ष,वेनी नगरपालिका-९ | |
| १२ | मसविर रोका | वडा, अध्यक्ष, वेनी नगरपालिका -१० | |
| १३ | कृष्ण कुमार वि.क. | कार्यपालिका सदस्य, वेनी नगरपालिका | |
| १४ | किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, वेनी नगरपालिका | |
| १५ | मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य वेनी नगरपालिका | |
| १६ | सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, वेनी नगरपालिका | |
| १७ | सुजाता किसान | कार्यपालिका सदस्य, वेनी नगरपालिका | |
| १८ | वविता सापकोटा | कार्यपालिका सदस्य, वेनी नगरपालिका | |
| १९ | मिना कुमारी कार्की | कार्यपालिका सदस्य, वेनी नगरपालिका | |
| २० | निर्मला मल्ल | कार्यपालिका सदस्य, वेनी नगरपालिका | |
| २१ | युवराज थापा | नि प्रमुख प्रशासकीय अधिकृत, बेनी न.पा. | |
| | | | |

Scanned with CamScanner

# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु

मिति २०८०।१०।२५ गते

१. बेनी नगर कार्यपालिकाको बिगतको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्था समिक्षा गरियो। बेनी नगर कार्यपालिकाको कार्यालयले गत पुस महिनामा गरेका सम्पूर्ण भुक्तानीहरु अनुमोदन गर्ने।

२. आ.व. २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा र रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत रोजगारी सिर्जना गर्न बेनी नगरपालिकाका लागि प्राप्त रकमबाट दोस्रो चरणमा देहायका योजनाहरु सञ्चालन गर्ने।

| क्र. स. | योजनाको नाम | वडा नं. | विनियोजित रकम (रु) | उपलब्ध हुने रोजगारीको संख्या जना (१०० दिन) | सूचीकृत वेरोजगार व्यक्तीको संख्या जना | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सालघारी देखि निरिस्वारा पदमार्ग मर्मत सम्भार योजना | १ | १३५८०० | २ | १०१ | |
| २ | रोहोटेपानी फेदी सडक मर्मत सम्भार योजना | २ | २११२०० | ३ | ३४ | |
| ३ | तल्लो मुसुङ्ग सडक मर्मत सम्भार योजना | ३ | २११२०० | ३ | १०७ | |
| ४ | ठोटनेरी स्वर्गाश्रम मोटरबाटो मर्मत सम्भार योजना | | २८१६०० | ४ | | |
| ५ | ठुलोखोला ज्यामिरे पदमार्ग मर्मत सम्भार योजना | ४ | २११२०० | ३ | ५३ | |
| ६ | चनौटे पछै मोटरवाटो मर्मत सम्भार योजना | ५ | ३५२००० | ५ | २७८ | |
| ७ | पुलाचौर चोक देखी ओखरवोट मोटरवाटो मर्मत सम्भार योजना | | २८१६०० | ४ | | |
| ८ | झाक्रिथानको ठाडो बाटो तल्लो देखी एक्लेपिपल सम्म पदमार्ग मर्मत सम्भार योजना | ६ | २११२०० | ३ | ९० | |
| ७ | मुलमोटरवाटो चैताला स्कुल र माईथान बेलचौतारा गोरेटोबाटो मर्मत सम्भार योजना | ९ | २११२०० | ३ | २०९ | |
| ८ | बिरौटा बराहथान गलेश्वर पदमार्ग मर्मत सम्भार योजना | | २११२०० | ३ | | |
| ९ | तुसारे उपल्लोथर पदमार्ग मर्मत सम्भार योजना | | २११२०० | ३ | | |
| १० | दिपक मा वि देखि वडा कार्यालय जाने मोटरबाटो मर्मत सम्भार योजना | १० | २८१६०० | ४ | २८ | |
| | जम्मा | | २८११००० | ४० | | |

३. आ.व. २०८०।८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि नेपाल सरकारबाट बेनी नगरपालिकाका लागि प्राप्त रकमबाट पहिलो चरणमा सञ्चालित योजनाहरु मध्ये वडा नं. ८ मा सञ्चालन गर्ने गरी तय भएको "खोरिया मोटरबाटो निर्माण योजना" को नाम परिवर्तन गरी "खोरिया पदमार्ग निर्माण योजना" बनाउने ।

४. बेनी नगरपालिकाभित्र सञ्चालन गर्न सकिने पशुपन्छीपालन व्यवसायलाई मर्यादित एवम् व्यवस्थित गर्दै युवाहरुलाई उत्पादनमा आकर्षित गरी स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले पेश भएको "उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" लाई आवश्यक संशोधन सहित स्वीकृत गर्ने ।

५. बेनी नगरपालिकाको "बेनी नगरपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" बमोजिम यस नगर क्षेत्रभित्र टेम्पो सञ्चालन गर्ने क्रममा विभिन्न समयमा भएका निर्णयहरु अनुमोदन गर्ने ।

६. बेनी नगर कार्यपालिकाको कार्यालयको मिति २०८०।०५।२२ गतेको निर्णय बमोजिम ६ व्यक्तिहरुलाई तीन पाङ्ग्रे सवारी साधन सञ्चालन गर्न अनुमती दिइएकोमा दुई व्यक्तिले मात्र सञ्चालन गरेको तथा बाँकी चार व्यक्ती सम्पर्कमा नआएकाले तीन पाङ्ग्रे सवारी साधन सञ्चालन अनुमतीका लागि निवेदन पेश गरेका देहायका व्यक्तिलाई रु १७५०० (अक्षेरुपी सत्र हजार पाँच सय रुपैयाँ मात्र) शुल्क असुल गरी तीन पाङ्ग्रे सवारी साधन सञ्चालनको अनुमती दिने ।

क) गम बहादुर छन्त्याल, रघुगंगा गा.पा.–६, ठाडाखानी

ख) लाल प्रसाद श्रेष्ठ, बेनी न.पा.-६, चुत्रेनी

७. बेनी नगर कार्यपालिकाको बैठकबाट पेश भए बमोजिम आ.व. २०८०।८१ को हिउँदे सभाले अनुमोदन गरेका योजनाहरु तथा अन्य सम्झौता हुन बाँकी योजनाहरुको सम्झौता म्याद २०८० चैत मसान्त सम्म राख्ने ।

८. बेनी नगरपालिका, वडा नं. ९, पुलाडाँडा पछैमा हेलिप्याड निर्माण गरे बापत् शत्रुभञ्जन गुल्म, अर्थुङ्गे व्यारेकले आर्थिक सहयोग माग गरेकोले रु ५०००० (अक्षेरुपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहायता उपलब्ध गराउने।

९. बेनी नगर कार्यपालिकाको कार्यालयमा सवारी साधन कमीका कारण सेवा प्रवाहमा प्रत्यक्ष अवरोध सिर्जना भएकोले यस नगरपालिकाको यस आ.व. मा कन्टेजेन्सी बापत प्राप्त हुने रकमबाट तीन वटा दुई पाङ्ग्रे सवारी साधन खरिद गर्ने गरी प्रक्रिया अगाडि बढाउने ।

१०. बेनी नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०।१०।२२ गतेको बैठकले गरेका देहायका निर्णयहरु अनुमोदन गर्ने:

- संघीय सशर्त तर्फको शैक्षिक गुणस्तर एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकमा प्राप्त बजेट बाँडफाँडका लागि विद्यालयबाट पेश भएका प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिमका विद्यालयलाई वितरण गर्ने ।

Scanned with CamScanner

**विद्यालय विज्ञान प्रयोगशाला अनुदान तर्फ:**

| क्र.सं. | छनौट भएको विद्यालयको नाम | कार्यक्रमको नाम | प्राप्त बजेट (रु) |
|---|---|---|---|
| १ | बालमन्दिर मा.वि., बे.न.पा.-८ | विज्ञान प्रयोगशाला | ६५००००।०० |
| २ | बेनी सामुदायिक मा.वि., बे.न.पा.-७ | विज्ञान प्रयोगशाला | ६५००००।०० |
| ३ | राष्ट्रिय मा.वि., बे.न.पा.-९ | विज्ञान प्रयोगशाला | ६५००००।०० |

**विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ किताब खरिद तथा इ पुस्तकालय समेत) तर्फ**

| क्र.सं. | छनौट भएको विद्यालयको नाम | कार्यक्रमको नाम | प्राप्त बजेट (रु) |
|---|---|---|---|
| १ | दिपक मा.वि., बे.न.पा.-१० | पुस्तकालय तथा ICT व्यवस्थापंन | ६५००००।०० |
| २ | थाकनपोखरी मा.वि., बे.न.पा.-६ | पुस्तकालय तथा ICT व्यवस्थापन | ६५००००।०० |
| ३ | जनकल्याण मा.वि., बे.न.पा.-५ | पुस्तकालय तथा ICT व्यवस्थापन | ६५००००।०० |
| ४ | जडभरत सालग्राम गण्डकी संस्कृत मा.वि., बे.न.पा.-९ | पुस्तकालय तथा ICT व्यवस्थापन | ६५००००।०० |

- बेनी नगरपालिकाबाट आयोजना गरिएको चौथो राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता तथा नवौं जिल्ला स्तरीय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका क्रममा राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता सञ्चालनमा रु १२ लाख बजेट साथै सशर्त बजेटबाट रु एक लाख रकम गरी जम्मा रु १३ लाख रकम बिनियोजन भएको र उक्त प्रतियोगिता सञ्चालनका क्रममा रु १४ लाख २६ लाख ६ सय त्रियासी रुपैयाँ खर्च भएको हुँदा राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता सञ्चालन शिर्षकमा नपुग हुने रु एक लाख छब्बीस हजार आठ सय त्रियासी रुपैयाँ विद्यालयमा विविध अतिरिक्त क्रियाकलाप सञ्चालन शिर्षकबाट भुक्तानी गर्ने।

११. बेनी नगरपालिका स्तरीय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८०।१०।१६ गतेको बैठकमा भएको देहायको निर्णय अनुमोदन गर्ने:

- बेनी नगरपालिकाको आयोजनामा सञ्चालन भएको चौथो नगरस्तरीय राष्ट्रपती रनिङ शिल्ड एवम् नवौं जिल्ला स्तरीय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको र उक्त प्रतियोगिता जिल्ला स्तरीय सञ्चालनका क्रममा भएको खर्चका बिल भरपाईहरुको खर्चको रकम अनुमोदन गर्दै कार्यक्रम सञ्चालनका लागि लिएको पेश्की रकम फछ्यौट गरी बाँकी रकम भुक्तानीका लागि नगर कार्यपालिकाबाट अनुमोदन हुने गरी भुक्तानीका लागि पेश गर्ने।

१२. बेनी नगरपालिकाको "अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७८" को दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा सुपरीवेक्षण समितिमा पूर्वाधार विकास शाखा प्रमुख सदस्य हुने गरी कार्यविधि संशोधन गर्ने।

Scanned with CamScanner

१३. बेनी नगरपालिकाको सार्वजानिक जगाको सम्झौता भाडा दर निर्धारण तथा बक्यौता असुली उपसमितिको मिति २०८०।०९।१८ गते तथा २०८०।१०।२४ गतेको बैठकले गरेका देहायका निर्णयहरुलाई अनुमोदन गर्ने:

- बेनी नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहने गरी निर्माण गरिएको संरचनामा भाडामा बस्दै आएका तपसिल बमोजिमका पुन: भाडामा लिई बस्न चाहने व्यक्तिगत व्यवसायीहरुको २०८०।०९।३० मा सम्झौता अबधी सकिने भएकोले निजहरुले २०८० पुष मसान्त सम्मको भाडा रकम भुक्तानी गरेमा मिति २०८०।१०।०१ गते देखि लागु हुने गरी मिति २०८१ असार मसान्त सम्मको लागि निजहरुको व्यापार व्यवसायको अवस्था, भौगोलिक अवस्थिती र वहालमा दिइएको संरचनाको अवस्थालाई मध्यनजर गरी तपसिल बमोजिमको भाडादरमा निजहरुसँग भाडा सम्झौता गर्ने।

<u>तपसिल</u>

| क्र.सं. | भाडामा बस्नेको विवरण | मासिक भाडा दर | स्थान |
|---|---|---|---|
| १ | गणेश बानियाँ | रू ९,७४२।०० | मालपोत कार्यालय अगाडी छाप्रो |
| २ | पार्वती बानियाँ | रू ९,०००।०० | मालपोत कार्यालय अगाडी छाप्रो |

- देवदह न.पा. ६ रुपन्देही निवासी टुक बहादुर लोहोरले बेनी नगरपालिका वडा नं. ६ गलेश्वर बजार प्रवेशद्धार नजिक न.पा. सँग १० हात जग्गामा भाडा सम्झौता गरी बस्दै आएकोमा त्यस क्षेत्रमा बिजुली ट्रान्सफर्मर राख्ने भएकोले उक्त जग्गा खाली गर्न लगाई निजलाई अर्को स्थानको बेनी गलेश्वर मोटरबाटोमा पर्ने बाटो मुनीको १२.५ हात जग्गा प्रति हात रु २०० कायम गरी मिति २०८०।१०।०१ देखि २०८१ असार मसान्त सम्मका लागि भाडा सम्झौता गर्ने।

- बेनी नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको बेनी नगरपालिका वडा नं. ८ को कार्यालय रहेको घरको १ सटर र दुई कोठा मासिक रु ३६५००।०० (अक्षरूपी छत्तीस हजार पाँच सय मात्र) न.पा. लाई बुझाउने गरी भाडामा बस्दै आएका वेनी न.पा. ६ निवासी सरस्वती पौडेल रेग्मीको न.पा. सँग गरिएको भाडा सम्झौता अवधी मिति २०८०।१०।३० मा सकिने भएकाले निजले उक्त सटर एवं कोठाको पुन भाडामा बस्नका लागि यस कार्यालयमा निवेदन पेश गरेकोले निजले २०८० माघ मसान्त सम्मको भाडा रकम भुक्तानी ग़रेमा मिति २०८०।११।०१ गते देखि लागु हुने गरी मिति २०८१ असार मसान्त सम्मको लागि निजहरुको व्यापार व्यवसायको अवस्था, भौगोलिक अवस्थिती र बहालमा दिइएको संरचनाको अवस्थालाई मध्यनजर गरी मासिक रू ३६५००।०० भाडा कायम गरी भाडा सम्झौता गर्ने।

१४. बेनी बजार क्षेत्रमा विशेषगरी युवा वर्गहरुबाट हुक्काको प्रयोग दिनानुदिन बढ्दै गईरहेका कारण यसबाट व्यक्तिगत स्वास्थ्य तथा सामाजिक वातावरणमा समस्या देखिन आएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) ञ मा भएको व्यवस्था बमोजिम बेनी नगरपालिका क्षेत्र भित्र २०८० फाल्गुण १६ गते देखि हुक्का प्रयोगलाई निषेध गर्ने गरी आवश्यक व्यवस्थापन गर्ने।

१५. बेनी नगरपालिका, वडा नं. ८, कालिपुलमा ट्राफिक बिट निर्माण गर्नका लागि आवश्यक पर्ने रकम बेनी नगरपालिकाको सडक मर्मत शिर्षकबाट भुक्तानी गर्ने।

Scanned with CamScanner

१६. बेनी नगरपालिका, वडा नं. १०, पात्लेखेत स्थित शिद्ध आश्रममा शौचालय निर्माणका लागि आवश्यक पर्ने रकम बेनी नगरपालिकाको सडक मर्मत शिर्षकबाट भुक्तानी गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

१७. नेपाल सरकारको "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८" बमोजिम यस नगरपालिका अन्तर्गत रहेका उल्लिखित बमोजिमका दिर्घ रोगीहरुको लागि नेपाल सरकारबाट पछि सोधभर्ना हुने गरी हाललाई स्वास्थ्य शाखाबाट पेश भएबमोजिम रोगीहरुको व्यक्तिगत बैंक खातामा चालु आ.व.को दोस्रो तीन महिना (कार्तिक देखि पुस सम्म) को लागि जम्मा रु ७६५००० (अक्षेरुपी सात लाख पैसट्ठी हजार रुपैयाँ मात्र) भुक्तानी गर्ने ।

१८. बेनी नगरपालिका क्षेत्रभित्र स्थापना गरी सञ्चालन गर्नका लागि निवेदन पेश गरेका स्वास्थ्य संस्थाहरुको "बेनी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०७५" को अनुसूची १ बमोजिम गठित अनुगमन समितिबाट अनुगमन पश्चात् देहायका स्वास्थ्य संस्थाहरुले मापदण्ड पुरा गरेको सम्बन्धमा प्रतिवेदन प्राप्त हुन आएकोले उक्त स्वास्थ्य संस्थाहरुलाई सञ्चालन अनुमती प्रदान गर्ने ।

क) कोर स्माइल डेन्टल क्लिनिक, बेनी न.पा.-८

ख) डिलक्स हिलर्स डेन्टल अवेर्नेस एण्ड सर्भिस सेन्टर, बेनी न.पा.-८

१९. बेनी नगरपालिका, नगर कार्यपालिका सदस्य कृष्ण कुमार विश्वकर्मा ज्यूको ममतामयी आमा कौशिला बि.क.को असामयिक निधन भएकोले मृतआत्माको चिर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

Scanned with CamScanner